परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ११५ पृष्ठ ४ २०८१ माघ ३० गते, मंगलबार 12-February, 2025 मूल्य रु. ५/-


9854020595
9801620595
कान्तिपुर फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
● फ्लैक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## मुख्यमन्त्री सिंह भन्छन् – ‘हतारमा काम गरेर अख्तियारको खोरमा जानु छैन’



● टक नेपाल

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सरकारी रकम खर्च प्रक्रियागत ढंगले हुने बताएका छन् । लहानमा मंगलबार आयोजित सगरमाथा चौधरी आँखा अस्पतालको ४२औं वार्षिकोत्सव कार्यक्रममा उनले हतारमा काम गर्दा कुनै गडबडी भए अख्तियाको खोरमा जानुपर्ने विषयमा जानकार भएरै प्रक्रियागत रुपमा काम गरिरहेको दाबी गरे । ‘सरकारी काम गर्ने र रकम खर्च गर्ने प्रक्रिया हुन्छ, त्यो प्रक्रियामा काम भइरहेको छ,’ उनले भने, ‘काम भएन, काम भएन मात्र भन्ने होइन, हतारमा काम गर्दा कुनै गडबडी भए अख्तियाको खोरमा जानुपर्छ भन्ने कुरा पनि हामीले बुझ्नुपर्छ, हामीलाई त्यस्तो गर्नु छैन ।’ उनले मधेश सरकारले प्रक्रिया पूरा गरेर बजेट खर्च गर्ने बाटो खुलाइसकेको भन्दै अब खर्चको गति बढ्ने पनि दाबी गरे । आफूहरूले सबै निर्वाचन क्षेत्रलाई सम्बोधन गरेर बजेट बनाएको भन्दै उनले अब कार्यान्वयनमा जाने बताए ।

उनले हालै १९ अर्बभन्दा बढी रुपैयाँ बराबरको योजना ठेक्कामा गएको पनि जनाए । मधेशमा ४ वटा प्रादेशिक अस्पताल थप गर्न लागेको र सबै निर्वाचन क्षेत्रमा एउटा नमुना विद्यालय बनाउने गरी प्रदेश सरकार अघि बढेको उनले सुनाए ।

## महोत्तरीसहितका स्थानमा डकैती र अपहरणमा संलग्न माझी पक्राउ, जेल चलान

● टक नेपाल



नेपाल र भारतका विभिन्न स्थानमा डकैती, लुटपाट तथा अपहरण जस्ता गम्भीर आपराधिक घटनामा संलग्न एक फरार अभियुक्त पक्राउ परेका छन् । पक्राउ पर्नेमा मोरङ ग्रामथान गाउँपालिका–२ का ४० वर्षीय खड्क नारायण माझी छन् ।

महोत्तरी र मोरङ प्रहरीले संयुक्त टोलिले उनलाई मोरङ ग्रामथान गाउँपालिका–२ बाट माघ २५ गते पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी नन्दकिशोर प्रसाद चौहानले जानकारी दिए ।

महोत्तरी प्रहरीका अनुसार माझी भारतको सितामढी जिल्ला तथा नेपालका महोत्तरी, सप्सी, गौशाला लगायतका क्षेत्रमा आपराधिक गतिविधिमा संलग्न रहेको आरोपमा प्रहरीको खोजी सूचीमा थिए ।

पक्राउ परेपछि माझीलाई जिल्ला प्रहरी कार्यालय महोत्तरीमा ल्याएर अनुसन्धान गरी जिल्ला अदालत महोत्तरीमा पेश गरिएको थियो ।

अदालतको माघ २८ गयते आदेशअनुसार उनलाई पुर्पक्षका लागि जलेश्वर कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

## संकट टार्न कांग्रेससंग सहकार्य : वरिष्ठ उपाध्यक्ष पोखरेल



● टक नेपाल

नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले राष्ट्र संकटमा पर्दै गएपछि नेपाली कांग्रेससँग सहकार्य गर्नुपरेको बताएका छन् ।

मलंगवामा सोमबार एमालेको वडा केन्द्रित तीन महिने अभियान सम्वन्धी अभिमुखीकरण कार्यक्रममा बोल्दै नेता पोखरेलले कांग्रेससँग सहमती र प्रतिस्पर्धाको दुवै पाटोलाई बुझ्नुपर्ने बताए ।

राष्ट्रिय संकट आउँदा सहकार्य र सामान्य अवस्थामा कांग्रेससँग प्रतिस्पर्धा नै हुने पोखरेलको भनाइ छ । सरकार बन्न नै संकट, विकास ठप्प र विदेशी हस्तक्षेप बढेपछि ती संकट समाधान गर्न कांग्रेससँग सहकार्य गरिएको वरिष्ठ उपाध्यक्ष पोखरेलले पार्टीका अगुवा कार्यकर्तालाई प्रष्ट पारे । उनले २०८४ को निर्वाचनमा बहुमत ल्याएर राष्ट्र बनाउने र देशलाई स्थिरता दिने एमालेको योजना रहेको सुनाए ।

पोखरेलले माओवादीप्रति लक्षित गर्दै फेरि म्याजिक नम्बरमा देश गए बर्बाद हुने बताए । एमालेलाई जरो तहसम्म मजबुद बनाउन वडा केन्द्रित तीन महिने अभियान सञ्चालन गरिएको एमाले वरिष्ठ उपाध्यक्ष पोखरेलले उल्लेख गरे । कार्यक्रमलाई पार्टीको संगठन विभाग प्रमुख काशिनाथ अधिकारी, पार्टीका नेता एवं पूर्व मन्त्रीद्वय लीलानाथ श्रेष्ठ र हरिप्रसाद उप्रेती, मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डललगायतले बोल्दै अभियानलाई सफल बनाउन अगुवा नेता, कार्यकर्तालाई आग्रह गरे ।

जनताका गुनासा तथा समस्या सुन्ने, समाधानका लागि पहल गर्ने र साथसाथै पार्टीको संगठन विस्तार तथा सुदृढीकरण गर्ने उद्देश्यसहित वडा केन्द्रित तीन महिने अभियान सञ्चालन गर्न लागिएको एमाले सर्लाहीका अध्यक्ष राजनारायण साहले जानकारी दिए । सर्लाहीमा २० पालिकाका दुई सय वटै वडामा यो अभियान सञ्चालन गरिने एमालेले जनाएको छ ।

मधेस प्रदेशमै पाइल्सको १ मात्र लेजर सर्जरी

विधिबाट पाइल्स, फिस्टुला, फिसर, पाइलोनाइडल साइनसको उपचार



डा. अफजल मन्सुरी द्वारा

पोखरा र काठमाण्डौमा विगत लामो समयदेखि हजारौं बिरामीहरूलाई सफल उपचार गरिसक्नु भएका अनुभवी वरिष्ठ डा अफजल मन्सुरी दिमद्वारा जाँच उपचार तथा परामर्श हुने भएकोले समयमै सम्पर्क राखी मौकाको फाइदा उठाउनुहुन अनुरोध गरिन्छ ।

डा. अफजल मन्सुरी



बाँझोपन, नि:सन्तान महिला पुरुषको उपचार पनि गरिन्छ ।

समय: बिहान १०:०० - ५:०० बजेसम्म

लेजर सर्जरी नै किन ?
☑ भर्ना हुनु नपर्ने
☑ दुखाई नहुने
☑ रोग पुनः नदोहोरिने
☑ सवारी साधन चलाएर घर फर्कन सकिने साथै नियमित काम गर्न सकिने

हाम्रा सेवाहरू
◆ पायल्स, फिसर, फिस्टुला
◆ दिसा गर्दा रगत आउँने
◆ दिसा गर्दा मासु आउने
◆ दिसा गर्दा दुखाइ हुने
◆ मलद्वारमा फोका देखिनु
◆ मलद्वारमा पिप निस्कनु
◆ मलद्वार चिलाउनु
◆ मलद्वार सुन्निनु
◆ कब्जीयत
◆ हाडजोर्नी, नशा
◆ यौन समस्या
◆ छाला रोग आदि

पायल्स, फिसर, फिस्टुला
दिशा गर्दा मासु पलाएको, दुख्ने पोल्ने, चिलाउने, रगत बग्ने, दिशा गर्दा मासु बाहिर आउने, दीर्घकालीन कब्जियत, दिशा नखुल्ने, गानोगोला साथै मलद्वार सम्बन्धी सम्पूर्ण समस्या

सम्पर्क:
गण्डी आयुर्वेद प्रोक्टो लेजर क्लिनिक
बर्दिबास-१, बरगाछीटोल, महोत्तरी 9864070612, 9807647760

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# सार्वजनिक सेवा प्राप्तिमा कठिनाइ

सार्वजनिक सेवा सहज र सरलरुपमा पाउनु सर्वसाधारण नागरिकको राज्यप्रदत्त अधिकार हो ।

यो कुरा सुन्दा जति आनन्द आउँछ, बोल्न जति सहज छ, व्यवहारमा पाउन त्यत्तिकै सकस छ । हरेक नागरिकले कुनै न कुनै रुपमा व्यवहारमा भोगिरहेका हुन्छन् । नागरिकता बनाउन जाँदा होस् वा सवारीको कर तिर्न जाँदा अथवा अन्य कुनै दैनिक जीवनसँग जोडिएको काम गर्न सरकारी निकायमा जाँदा, त्यहाँ गरिने व्यवहार, भोग्नुपर्ने कष्टलाई सम्झिने हो भने सार्वजनिक सेवा पाउने विषय जटिल र खर्चिलो बन्दै गएको देखिन्छ ।

सेवाप्रदायक निकायका अधिकारीहरुमा नागरिकलाई सेवा दिन बसिरहेको भावसमेत पाउन मुस्किल हुन्छ । उनीहरुको भावभंगी हेर्दा जनताको सेवा गर्न बसेका सेवक नभई शासक र दमन गर्न बसेका राज्यका संयन्त्रझैं प्रतीत हुने गर्दछ । सरकारी कर्मचारीको व्यवहारमा नम्रता र मुस्कान मुस्किलले देख्न पाइन्छ ।

यसले गर्दा सरकारी सेवा लिने हरेक मानिसलाई सरकारी अड्डा, कार्यालय त जानै नपरोस् भन्ने लाग्छ । दैनिक जीवनमा देखिने यस किसिमको भोगाइले मानिसलाई राज्यप्रति विश्वास नभई 'एलर्जिक' भावना जागृत भएको आभास हुने गरेको छ ।

जिल्ला प्रशासन कार्यालय, नापी, मालपोत, यातायातजस्ता कार्यालयका साथै स्थानीय तह, वडा कार्यालय, जहाँ सेवाग्राहीको भीडभाड अत्यधिक हुन्छ त्यहाँबाट सहज र सरलरुपमा सेवा लिन नसकिरहेको गुनासो धेरैको हुने गरेको छ । सेवाग्राहीको अत्यधिक चाप हुने कार्यालयहरु कर्मचारीवृत्तमा मालदार तथा कमाउ अड्डाका रुपमा चिनिन्छन् ।

नेपालको सन्दर्भमा सरकारी कार्यालयबाट सहज काम लिन कि चिनेको, कि आफन्त हुनुपर्दछ वा अतिरिक्त पैसा खुवाउनुपर्ने स्थिति छ । आम सरकारी कार्यालयको दैनिकी नै यस्तै बनिसकेको छ । केही कागजात अपुग हुनेबित्तिकै सहजीकरण गरिदिने भन्दा पनि त्यसको फाइदा कसरी उठाउने भन्ने कर्मचारीको ध्यान जाने गर्दछ ।

न्यायालयमा समेत यस्तै छ । बिचौलियाको सहयोग लिने हो भने काम तुरुन्तै फत्ते हुने गरेको छ । यस्तो स्थितिका कारण आम सर्वसाधारणले निकै दुःख, समस्याको सामना गर्र्नुपरिरहेको छ । यसतर्फ राज्य वा सरकारको ध्यान जाने कहिले ?

सरकार आफ्नो आसेपासेलाई रिझाउने र उनीहरुको स्वार्थ पूरा गर्ने ध्याउन्नमा छ । सर्वसाधारणले भोग्नुपरिरहेका समस्याबारे सम्बन्धित निकायको ध्यान कहिले जाने ? यसैले पनि नागरिकहरुमा अहिले देशभक्तिको भावना कमजोर हुँदै गएको छ भने राज्यसञ्चालनमा बसेका व्यक्तिहरुप्रति घृणा-द्वेषको भावना वृद्धि हुँदै गएको छ ।

यो स्थिति आउनु भनेको देशको निम्ति राम्रो अवश्य होइन । तै पनि यसमा जिम्मेवार तहमा बसेका मानिसको ध्यान गइरहेको छैन । नागरिकलाई सरल र सहज तरिकाले सेवा दिने सम्बन्धमा राज्य गम्भीर हुन नसकेमा यसले ल्याउने दुष्परिणाम भोग्न बाध्य हुनुपर्नेछ । सेवाप्रवाह सरल र सहज नभएमा बिचौलियाको प्रभाव बढ्नेछ ।

र बिचौलियाको मिलेमतोमा काम हुने प्रवृत्तिले सरकारी सेवा प्राप्तिमा आर्थिक स्तर कमजोर भएकाहरुले सेवा नपाउने खतरा बढ्नेछ । सर्वसाधारण नागरिकमा देशप्रति गौरवको भावना क्रमशः घट्दै जानेछ । यो स्थिति भनेको मुलुक आन्तरिकरुपमा कमजोर बन्नु हो, जुन काम अहिले भइरहेको छ । अतः सहज र सरल तरिकाले सेवा पाउन नसकेका ती क्षेत्रको सुधारको लागि विशेष कार्यक्रमहरु ल्याउनुपर्ने खाँचो छ ।


ROYM NEPAL
RURAL ORIENTED YOUTH MOVEMENT

# गार्मिणमुखी युवा अभियान नेपाल

बर्दिबास नगरपालिका वाडा नं. १४, महोत्तरी

## कर्मचारी आवश्यकता सम्बन्धी सुचना

**(पहिलो पटक प्रकाशन मिति : २०८१।१०।३० गते)**

जिल्ला महोत्तरी मटिहानी नगरपालिकामा संचालित AEIN को आर्थिक सहयोग र ग्रामीण मुखी युवा अभियान नेपालको आयोजनामा संचालित ***ECD Learning Center*** रुपान्तरण परियोजनाको लागी उल्लेखित पदका कर्मचारी आवश्यकता भएकोले यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र दरखास्त दिनु हुन अनुरोध गरिन्छ।

१.समुदायिक परिचालक (विज्ञापन नं. ०२–२०८१/८२)

**शैक्षिक योग्यता तथा कार्य अनुभव**

- १०+२ योग्यता तथा सो सरह उर्तीण गरी कम्तिमा २ वर्ष अनुभव भएको अथवा स्नातक तह उतिर्ण गरि कम्तिमा ६ महिनाको अनुभव भएको ।
- कम्पयुटर सम्बन्धि ६ महिने तालिम प्रप्त अथवा ज्ञान भएको।
- स्पष्ट रुपमा माइनुट तथा बालबालिकाको कक्षा संचालनमा दक्षता हासिल गरेको।
- स्थानिय सरोकार र जिल्ला संग समन्वय गर्ने।
- तालिम तथा गोष्ठी संचालन संचालन गर्न सम्पूर्ण समन्वय गर्न सक्ने।
- समुदाय परिचालन गर्ने सकिने।
- नेपाली भाषामा दक्षता हासिल गरेकको तथ अंग्रेजी भाषा पनि बुझ्न सक्ने क्षमता भएको।
- दुइ पाग्रे गाडि को अनुमतिपत्र भएको।

**सेवा सुविधा :** संस्थाको नियमानुसार।

**दरखास्त दिने अन्तिम मिति :** सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समय भित्र।

**परिक्षाके किसिक:** लिखित,अन्तवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक।

**आवश्यक कागजातहरु :** आवेदन दिन चाहने पद खुलाई आवेदन ,शैक्षिक योग्यताको प्रमाण पत्र, व्यक्तिगत विवरण (बायेडाटा), नागरिकताको प्रमाणपत्र, पासपोट साईजको फोटो र अन्य आवश्यक कागजातहरु स्वंम प्रमाणीत गरी प्रतिलिपि वा स्क्यान गरी संस्थाको इमेल वा निम्न कार्यालयको ठेगानामा दरखास्त बुझाउनु पर्नेछ।

**नोट :** प्रम्भिक छनौटमा परेका उम्मेदवारलाई मात्र लिखित परीक्षामा समावेश गराइनेछ। रित नपुगेका, म्याद नाघी आएका दरखास्त उपर कुनै करवाही गरिने छैन्।

### आवेदन पेश गर्ने ठेगाना:

**गार्मिणमुखी युवा अभियान नेपाल (ROYM Nepal)**
**परियोजना कार्यालय : बर्दिबास नगरपालिका वाडा नं. १४ बर्दि , महोत्तरी**
**सम्पर्क नं. ९८१९८७५४२७**
**इमेल : *nepalroym@gmail.com* मार्फत पनि आवेदन दिन सकिन्छ ।**






# प्रतिनिधिसभा: मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गरिनुपर्ने माग

● टक नेपाल

प्रतिनिधिसभाको आजको बैठकमा शून्य समयमा बोल्नुहुने सांसदहरुले जङ्गली जनावरको आक्रमण, सडक दुर्घटना, आगलागी, भ्रष्टाचारलगायतका घटना बढिरहेकोप्रति सरकारको ध्यानाकर्षण गर्नुभएको छ ।

प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरुले सरकारमा रहेका मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गर्न पनि माग गर्नुभयो । आजको बैठकमा बोल्नुहुँदै सांसद अच्युतप्रसाद मैनालीले विद्यमान वन ऐनले जङ्गली जनावरको आक्रमणबाट पीडित हुनेलाई सरकारले राहत र क्षतिपूर्ति दिनुपर्ने स्पष्ट व्यवस्था नरहेकाले सोसम्बन्धी व्यवस्था गरिनुपर्ने बताउनुभयो ।

सांसद अन्जनी श्रेष्ठले जङ्गली जनावरको आक्रमण बढेको विषय संसद्मा उठाउनुभयो । सांसद टेकबहादुर गुरुङले सुक्खायाममा वनमा डढेलोको जोखिम बढी हुने भएकाले त्यसको न्यूनीकरण र आगलागी नियन्त्रणमा तदारुकता देखाउनुपर्नेमा जोड दिनुभयो ।

सांसदअनिशानेपालीलेआन्दोलनरत स्वर्गद्वारी गुठीका मोही किसानको जायज माग सम्बोधन गर्न संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद अस्माकुमारी चौधरीले पनि स्वर्गद्वारी गुठी पीडित किसान काठमाडौँ र जिल्लामा समेत आन्दोलन गरिरहेकाले उनीहरुका माग सुनुवाइ हुनुपर्ने धारणा राख्नुभयो ।



सांसद अम्बिका बस्नेतले काठमाडौँ उपत्यकामा बालबालिका हराउने र अपहरणमा पर्ने घटना सार्वजनिक हुन थालेकोप्रति चिन्ता व्यक्त गर्नुभयो । सांसद अम्मरबहादुर थापाले सरकारले पुँजीगत बजेट खर्च बढाउनुपर्नेमा जोड दिनुभयो । बजेट विनियोजनमा कुशलता नहुँदा खर्च गर्न सक्ने ठाउँमा बजेट नहुने तर खर्च गर्न नसक्ने ठाउँमा बजेट दिने प्रवृत्तिको अन्त्य गरिनुपर्ने उहाँले बताउनुभयो । जाजरकोट भूकम्प पीडितलाई राहत तथा क्षतिपूर्ति रकम तत्काल उपलब्ध गराउन पनि उहाँले माग गर्नुभयो ।

सांसद अमृतादेवी अग्रहरीले विपक्षी दलहरुले सरकारले गरेका राम्रा कामको पनि विरोध गर्ने गरेको आरोप लगाउनुभयो । अर्का सांसद अशोककुमार चौधरीले मुलुकलाई कम्लरी मुक्त घोषणा गरिए पनि अझै यो कुप्रथालाई राज्य तहबाटै संरक्षण भइरहेको आरोप लगाउनुभयो । सांसद असिम शाहले विद्यमान सरकार बनेको लामो समय भइसक्दा पनि मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गरिनुपर्ने बताउनुभयो । भ्रष्टाचारका विभिन्न काण्डको छानबिन गर्न शक्तिशाली आयोग गठनको माग उहाँले राख्नुभयो ।

सांसद ईश्वरी घर्तीमगरले पाठेघर र स्तन क्यान्सरको परीक्षणलाई निःशुल्क गरिनुपर्ने माग गर्नुभयो । सांसद ईश्वरीदेवी न्यौपानेले कैलाली जिल्लाका विभिन्न क्षेत्रमा डुबानको समस्या रहेकाले कर्णालीलगायत नदीमा तटबन्धको व्यवस्था गर्न सरकारसँग आग्रह गर्नुभयो । सांसद उर्मिला माझीले शिक्षा र स्वास्थ्य क्षेत्रलाई मौलिक हकका रुपमा राखिएको भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताउनुभयो । वीर अस्पतालको आकस्मिक कक्षमा बिरामीको चाप बढेको विषय उहाँले उठाउनुभयो ।

सांसद ऋषिकेश पोखरेलले हिउँदेबालीका लागि मल, बीउ र सिँचाइको अभाव भइरहेको विषयमा सरकारको ध्यानाकर्षण गर्नुभयो ।

मल आयातमा सरकारको एकाधिकार तोडेर निजी क्षेत्रलाई आयात गर्न दिनुपर्ने धारणा उहाँले राख्नुभयो ।

सांसद एकनाथ ढकालले आगामी जेठमा आयोजना हुन लागेको सगरमाथा संवादलाई नेपालले जलवायु न्यायको मुद्दा स्थापित गर्नमा प्रयोग गर्न सक्नुपर्ने बताउनुभयो । सांसद कान्तिका सेजुवालले नेपालगञ्ज भन्सार कार्यालयको जाँचपास मेसिन बिग्रेको लामो समय भइसक्दा पनि मर्मतसम्भार हुन नसकेको विषय संसद्मा उठाउनुभयो ।

सांसद कालुराम राईले गर्मीयाममा सर्पदंशका घटना बढ्ने गरेको तर सर्पदंशको उपचारका लागि पर्याप्त अस्पताल नरहेको विषय उठाउनुभयो । सांसद गणेश पराजुलीले गैरआवासीय नेपालीलाई नागरिकता दिएको विषयमा उनीहरुलाई नेपालमा लगानी गर्नका लागि वातावरण बनाएर त्यसको अधिकतम लाभ लिनसक्नुपर्ने बताउनुभयो ।

सांसद गोकुलप्रसाद बाँस्कोटाले बनेपा-धुलिखेल सडक निर्माणमा ढिलाइ भएकोप्रति संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

अर्का सांसद गङ्गा कार्कीले सडक दुर्घटना बढेको उल्लेख गर्नुहुँदै यसका कारण पहिचान गरी निराकरणका लागि पहल गर्न सरकारसँग आग्रह गर्नुभयो । सांसद चन्द्रकान्त भण्डारीले पनि सडक दुर्घटना न्यूनीकरणका लागि सरकार र मातहतका निकायबाट आवश्यक पहल हुनुपर्नेमा जोड दिनुभयो । सांसद डा चन्दा कार्की भण्डारीले विभिन्न सडक निर्माणमा ढिलाइ भएको विषय उठाउनुभयो । सांसद चित्रबहादुर केसीले इजरायल र हमासको युद्धमा हराइरहेका कञ्चनपुरका विपिन जोशीको खोजी गर्न सरकारले गरिरहेको कामबारे संसद्लाई जानकारी गराउन माग राख्नुभयो ।

सांसद छिरिङल्हामु लामा (तामाङ) ले केही समयअघि काठमाडौँको ठमेलमा प्रहरीमाथि भएको आक्रमणको गम्भीर छानबिनको माग गर्नुभयो । सांसद जावेदा खातुन जागाले मुस्लिम समुदाय राज्यबाट उपेक्षित पारिएको बताउनुभयो । शिक्षा मन्त्रालयले छात्रवृत्ति कार्यक्रममा मुस्लिमलाई विभेद गरेको उहाँको भनाइ छ ।

सांसद जुलीकुमारी महतो (महासेठ) रूख कटान, जग्गा अधिग्रहण, निर्माण सामग्री व्यवस्थापनलगायतमा ढिलाइ हुँदा विकास निर्माण प्रभावित भएको बताउनुभयो ।








हिमालयन लाइफ
HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल

**प्रधान कार्यालय- पो.ब.नं. २५९७९, मनकामना मार्ग, हात्तीसार, काठमाडौं, नेपाल**
**(कम्पनी ऐन २०६३ र बीमा ऐन २०७९ अन्तर्गत स्थापित)**
**फोन नं. ०१-४४४१४१४,०१-५९७००५७**

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १४१००००२२५ | मनिका कुमारी यादव | सोनामाई २, महोत्तरी । |
| २ | PLI १४१००००२२५ | मनिश कुमार यादव | सोनामाई २, महोत्तरी । |
| ३ | PLI १४१०००२८७३ | रिशव खनाल | गौशाला २, महोत्तरी । |

# सर्लाही र रौतहट जोड्ने बागमती नदिको पुलको बिम चर्किएपछि मर्मत थालियो



● टक नेपाल

पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत रौतहट र सर्लाही जिल्लाका बीचमा रहेको बागमती नदीको पुल मर्मत थालिएको छ ।

डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरले डेढ किलोमिटर ड्राइभर्सन बनाएर पुल मर्मत सुरुआत गरेको हो। केही दिन अगाडि पुलको बिम (गिर्डर) चर्किएको थियो।

पुलको पूर्वतर्फ ४ र ५ नम्बरको स्परमाथि जडान गरिएको बिम झण्डै आठ सेन्टिमिटर चर्किएको कार्यालयका प्रमुख अरुणकुमार कर्णले जानकारी दिएका छन्।

यही माघ २६ गते डाइभर्सन बनाएर २८ गतेदेखि पुल मर्मतको काम थालिएको उनले जानकारी दिए। करिब ५५ वर्षअघि नेपाल सोभियत सङ्घ सहयोगअन्तर्गत निर्माण भएको बागमती नदी पुलको चार-पाँच नम्बर स्परको बीचमा रहेका बिममा रहेको बेरिङ राख्ने 'प्याडेस्टल' कङ्क्रिट फुटेको उनले बताए।

पुलमा आधुनिक प्रविधिबाट उच्च गुणस्तरको कङ्क्रिट हालेर ढलान गरिने काम भइरहेको प्रमुख कर्णले बताए।

यही बेला अन्य बिमको पनि सरसफाइ तथा बेरिङ र कङ्क्रिटको अवस्था हेर्ने उनले बताए। आगामी फागुन २ गतेभित्र पुल सञ्चालनमा ल्याउनेगरी काम भइरहेको उनले जानकारी दिए।

चौबिसै घण्टा व्यस्त रहने पुलको यथाशीघ्र मर्मत गरेर पुलबाट सवारी सञ्चालन गराउने लक्ष्य लिएको उनले बताएका छन्।

पुलको ४-५ नम्बर स्पानको बीचमा बिम चर्किएर समस्या आएपछि पुल महाशाखाको टोली आएर स्थलगत निरीक्षण गरेर दिएको सुझावका आधारमा मर्मत सुरु गरिएको उनको भनाइ छ ।

सम्भवतः फागुन २ गतेदेखि पुलबाट सवारी सञ्चालनमा आउने उनले जानकारी दिए। माघ २५ गते सडक डिभिजन कार्यालयले पत्रचार नै गरेर २७ गतेदेखि सवारी आवागमनमा रोक लगाइएको थियो। पुलको बिम चर्किएपछि सवारी आवागमन थप जोखिमपूर्ण बनेको थियो।

# 'एचपिभी खोप' अभियान : खोपस्थलमा न्यूनतम सावधानीअपनाइएन




● टक नेपाल

जिल्ला प्रशासन कार्यालयले किशोरीलाई महिलाको पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको 'ह्युमन प्यापिलोमा भाइरस' (एचपिभी) खोप लगाइने क्रममा लापरवाही भएकाले कमजोरी सच्याउन वीरगञ्ज महानगरलाई निर्देशन दिएको छ ।

महानगरभित्रै एउटा सामुदायिक विद्यालयको खोप केन्द्रमा खोप लगाउने क्रममा लापरवाही भएको जनाउँदै प्रशासनले कमजोरी सच्याउन वीरगञ्ज महानगर लाई निर्देशन दिएको हो ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले वीरगञ्ज महानगरका प्रमुख प्रशासकीय अधिकृतलाई सोमबार पत्र लेखेर नेपाल राष्ट्रिय माध्यमिक विद्यालय नगवामा सञ्चालन भएको खोप कार्यक्रममा लापरवाही भएकाले सो खोप कार्यक्रम स्थगन गर्न पत्राचार समेत गर्नुभएको छ ।

"विद्यालयको खोप कार्यक्रम स्थगन गरी नौ बुँदे निर्देशनका विषय पूर्ण कार्यान्वयनको सुनिश्चितता गरी आगामी दिनमा यस्तो लापरवाही नहुने कुराको सुनिश्चितता गरेरमात्र खोप कार्यक्रम सञ्चालन गर्नु/गराउनु हुन सूचित गरिएको छ", प्रजिअद्वारा लेखेको पत्रमा भनिएको छ ।

खोप सञ्चालनपूर्व जिल्ला खोप समन्वय समितिको बैठकमा पूर्वतयारी लगायत विषयमा पनि छलफल भएको कुराको समेत ध्यानाकर्षण गराइएको छ ।

प्रजिअ नेतृत्वको अनुगमन टोलीले खोप लगाउने स्थानको सरसफाइमा ध्यान नदिएको, 'सेफ्टी बक्स'को व्यवस्था नगरिएको र 'भ्याक्सिङ केरियर' तथा सिरिन्जसमेत फोहर भुइँमै राखेर खोप लगाइएको कमजोरी औँल्याएको छ । "खोपस्थलमा न्यूनतम सावधानी, सरसफाइ, सुरक्षालगायत विषय उपेक्षित गरेको देखियो", सो पत्रमा भनिएको छ, "आइसप्याकलगायत सामग्री, कटन तथा निडललगायत स्वास्थ्य उपकरणको उपयुक्त तवरले प्रबन्ध नपाइएको छ ।"

सो अनुगमनका क्रममा खोप सञ्चालनपूर्व काउन्सिलिङ तथा खोपपश्चात आराम गर्ने स्थलको प्रबन्ध नगरिएको र सहभागी किशोरीको नाम दर्ताका क्रममा विद्यालयका विद्यार्थीलाई प्रयोग गरिएको जनाएको छ ।

पर्साका १४ वटै पालिकाका ३८ हजार पाँच सय ३७ जना किशोरीलाई एचपिभी खोप लगाउने कार्यक्रम छ । जिल्लामा सोमबारसम्म पहिलो चरणको खोप अभियान सम्पन्न भइसकेको छ। दोस्रो चरणको खोप अभियान भने माघ ३० देखि फागुन ६ गतेसम्म सञ्चालन गरिने छ । सो अभियानअन्तर्गत महानगरको १७ देखि ३२ वडा र अन्य छ पालिकामा लगाइने कार्यक्रम छ । जसमा ठोरी, पकहाँमैनपुर, कालिकामाई, धोबिनी, विन्दवासिनी, छिपहरमाई पालिका र बहुदरमाई नगर पालिकामा खोप अभियान सञ्चालन गरिने छ ।

# सामाजिक सञ्जाल र मिडिया काउन्सिल विधेयक फिर्ताको माग गर्दै श्रमजीवी पत्रकार संघ रौतहटको प्रदर्शन

● टक नेपाल

मिडिया काउन्सिल र सामाजिक सञ्जाल विधेयक खारेजीको माग गर्दै श्रमजीवी पत्रकार संघ, रौतहट शाखाको आयोजनामा मौन जुलुस प्रदर्शन तथा ज्ञापन पत्र बुझाउने कार्यक्रम सम्पन्न भएको छ।

आज २०८१ माघ २९ गते, मंगलबार दिउँसो ३:०० बजे, मधेसी क्रान्ति विपी चौक, गौर मा जिल्लाका सम्पूर्ण श्रमजीवी पत्रकारहरूको सहभागितामा सरकारको प्रेस दमन नीति विरुद्ध आवाज उठाइएको थियो। पत्रकारहरूले "मलाई लेख्न र बोल्न दे सरकार" भन्ने नारासहित मौन जुलुस प्रदर्शन गर्दै प्रमुख जिल्ला अधिकारी (सीडीओ) मार्फत सम्बन्धित निकायलाई ज्ञापन पत्र बुझाएका छन्। पत्रकार तथा सामाजिक




सञ्जाल प्रयोगकर्तामाथि अंकुश लगाउने नियतले ल्याइएको विधेयक प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्धको कदम भएकाले तुरुन्त फिर्ता लिनुपर्ने श्रमजीवी पत्रकार संघका जिल्ला अध्यक्ष संतोष पौडेले माग गरेका छन्।

कार्यक्रममा विभिन्न सञ्चारमाध्यमका प्रतिनिधि, स्वतन्त्र पत्रकार तथा समाजिक अभियन्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। सहभागीहरूले विधेयक खारेज नभएसम्म चरणबद्ध संघर्ष जारी राख्ने चेतावनी दिएका छन्।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com